मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

# विजया दशमी २०८० को शुभकामना

नेपालीको महान चाड **'विजयादशमी (बडा दशैँ), २०८०** को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक एवं बहुधार्मिक विविधताले भरिपूर्ण छ । विविधता बीचको एकता नै हामी नेपालीको विशेषता हो । मुलुकभित्र प्रचलित संस्कृति, परम्परा एवं सभ्यताको जगेर्ना गर्नु सबैको साझा दायित्व हो ।

विजयादशमी पर्व असत्यमाथि सत्यको विजय हासिल भएको विश्वास र प्रतीकको रुपमा मनाइने विशेष महत्वको चाड हो । यस पर्व घटस्थापनादेखि प्रारम्भ भई नवरात्री हुँदै कोजाग्रत पूर्णिमासम्म विविध सांस्कृतिक, धार्मिक क्रियाकलाप एवं उत्साहका साथ मनाउने गरिन्छ ।

मान्यजनबाट टिका, जमरा, फूलपाती, आर्शिवाद ग्रहण गर्ने, एक आपसमा शुभकामना आदानप्रदान गर्ने, पारिवारिक जमघट एवं पुनर्मिलन गरी खुसीयाली र हार्दिकता साटासाट गरी दशैँ मनाउने प्रचलन छ । हाम्रो मुलुकमा हर्षोल्लासपूर्वक मनाउने गरिएका विभिन्न चाडपर्वहरुले भौगोलिक, सांस्कृतिक र भाषिक विविधताबीच रहेको सहिष्णुता थप सुदृढ गर्नुका साथै सांस्कृतिक एकता र पहिचानलाई अक्षुण्ण राख्न योगदान गरिरहेको छ । यस पर्वले नेपालीहरुलाई आर्थिक समृद्धि, सामाजिक एकता, आपसी सद्भाव र भातृत्व अभिबृद्धिमा टेवा पुऱ्याउने विश्वास मैले लिएको छु ।

अन्त्यमा, विजयादशमी पर्व २०८० ले हामी सबैमा नयाँ उत्साह, जोश, जाँगर थप्दै गण्डकी प्रदेश सरकारले लिएको **'सम्मुन्नत प्रदेश, सम्मानित प्रदेशवासी'** को संकल्प हासिल गर्न सहयोग पुग्ने विश्वासका साथ सबैमा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री